**बैठक संख्या : १३**

आज मिति २०८२।०१।०५ गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : बिहानं ०८:०० बजे

स्थान : कार्यपालिका बैठक कक्ष

उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | [signature] |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | [signature] |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | [signature] |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | [signature] |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | [signature] |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | [signature] |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | [signature] |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | [signature] |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धीमती लामिछाने | [signature] |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | [signature] |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | [signature] |

बैठक संचालन सहयोगी

क.अ. श्री दामोदर ज्ञवाली [signature]

सहायक हरीप्रसाद न्यौपाने [signature]

[signature] वि.क. [signature]

क. स. इन्दिरा ज्ञवाली [signature]

**मिति २०८२ बैशाख ५ गतेको तेन्हौ कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्वन्धमा ।
२. पारिवारिक खेती प्रवर्द्धन कार्यक्रमको प्रस्तावना स्वीकृत सम्वन्धमा ।
३. शाखा प्रमुखहरुलाई निर्देशन सम्वन्धमा ।
४. आगलागि लगायतका विपद् पूर्व तयारी सम्वन्धमा ।
५. गरिव परिवार पहिचान परिचयपत्र वितरण सम्वन्धमा ।
६. बजेट संशोधन सम्वन्धमा ।
७. उपल्लो कुलो पाँगा सिंचाई योजना , रुरुक्षेत्र-५, गुल्मीको थप निर्माण कार्य सम्वन्धमा ।
८. योजना तथा कार्यक्रमको शिर्षक कायम गर्ने सम्वन्धमा ।
९. तेश्रो त्रैमासिक प्रगति समिक्षा सम्वन्धमा ।

# मिति २०८२/०१/०५ गतेको तेन्हौ गाउँकार्यपालिका बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।</td></tr>
<tr><td>२.</td><td>यस कार्यालयबाट मिति २०८१/११/०४ मा प्रकाशित पारिवारीक खेती प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आब्हानको सूचना अनुसार निर्धारित समयावधी भित्र रुरु साना किसान कृषि सहकारी संस्था लि., रुरुक्षेत्र-४ ले मात्र प्रस्तावना पेश गरेको हुँदा उक्त प्रस्तावना स्वीकृत गरी उक्त संस्थासँग संझौता गरी कार्य अगाडी बढाउने ।</td></tr>
<tr><td>३.</td><td>चालु आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन समयमा नै गर्न सम्पूर्ण शाखा प्रमुख र वडा सचिवहरुलाई निर्देशन दिने ।</td></tr>
<tr><td>४.</td><td>गर्मी बढेसँगै अगलागि लगायतका विपद्जन्य घटनाहरु बढ्ने भएकोले विपद् पूर्व तयारीको लागि टोल विकास संस्था लगायत सम्पूर्ण संघ संस्थाहरुलाई अनुरोध गरी विपद्जन्य घटना हुन नदिन सर्तकता अपनाउने ।</td></tr>
<tr><td>५.</td><td>यस कार्यालयमा प्राप्त भएका गरिब परिवार पहिचान परिचय पत्रहरु जानकारी गराईयो । सम्पूर्ण वडा कार्यालयहरुमा प्राप्त भएका परिचय पत्रहरु वितरणको लागि क.अ. दामोदर ज्ञवालीलाई जिम्मेवारी प्रदान गर्ने ।</td></tr>
<tr><td>६.</td><td>देहाय अनुसारको बजेट संशोधन गर्ने ।
<table>
<tr><th>क्र. सं.</th><th>साविक योजनाको नाम</th><th>रकम रु.</th><th>क्र. सं.</th><th>संशोधित योजनाको नाम</th><th>रकम रु.</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">वडा नं. २ को वडा कार्यालय संचालन विविध</td><td rowspan="2">५० हजार</td><td>१.</td><td>वाल कक्षा कोठा व्यवस्थापन, बेशिकाचौर</td><td>२० हजार</td></tr>
<tr><td>२.</td><td>खुर्सानीखोला मूल सटखोला खा.पा. व्यवस्थापन, वडा नं. २</td><td>३० हजार</td></tr>
</table>
</td></tr>
<tr><td>७.</td><td>उपल्लो कुलो पाँगा सिंचाई योजना , रुरुक्षेत्र-५, गुल्मीको निर्माण कार्य बोलपत्र मार्फत अगाडी बढाईएकोमा विनियोजित बजेटमा रु. १,५५,५६१/- (अक्षरुपी एक लाख पचपन्न हजार पाँच सय एकसठ्ठी रुपैया) बचत भएकोले सो रकमबाट कोटेसन विधिबाट उक्त योजनाको थप निर्माण कार्य गर्ने ।</td></tr>
<tr><td>८.</td><td>सहकारी लेखा व्यवस्थापन तालिम शिर्षकलाई सहकारी संस्थाको सुदृढीकरण कार्यक्रम कायम गरी कार्यान्वयन गर्ने ।</td></tr>
<tr><td>९.</td><td>आ.व. २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको प्रगति समिक्षा गरियो । निर्धारित समय अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न सबै पक्षले सहयोग गर्ने ।</td></tr>
</table>

CamScanner